## सेवा करार सम्झौता

**आठविसकोट नगरपालिका,** पश्चिम रुकुम (यसपछि पहिलो पक्ष भनिएको) र **मेडिकल अधिकृत श्री** ........................................(यसपछि दोस्रो पक्ष भनिएको) का बीच मिति..........साल........महिना............ गतेका दिन यस आठविसकोट नगरपालिकाद्वारा संचालित नगर अस्पतालमा रही उपचार सेवा दिन/गर्नका लागि देहायका शर्तको अधिनमा रहि दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भई यो सम्झौता गरी एक/एक प्रति एक आपसमा बुझि लियौं, दियौं ।

### १. मेडिकल अधिकृतको कार्यशर्त विवरण

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **कर्मचारीको पद** : मेडिकल अधिकृत (Medical Officer) | **सेवा प्रकृति** : करार सेवा |
| **कार्यालय:** आठबिसकोट नगर अस्पताल | **सुपरिवेक्षक:** प्रमुख प्रशासकिय अधिकृत |
| **कार्य समय** : दैनिक रुपमा विहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म ओ.पी.डी. सेवा संचालन, अन्य समय oncall मा रही सेवा प्रदान, भर्ना भएका विरामीलाई Round service प्रदान | **सेवा अवधि** : १ वर्ष |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय :** स्वास्थ्य तथा सामाजिक विकास शाखा मार्फत नगर कार्यपालिकाको कार्यालयमा | **मुख्य कार्य :**<br>• दैनिक रुपमा विरामी जाँच गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने ।<br>• अस्पतालमा आउने इमरजेन्सी विरामीको उपचार सेवालाई सुनिश्चित गर्ने ।<br>• अस्पतालको उपचारात्मक सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउन पहल गर्ने । |
| उद्देश्यहरु :<br>• अस्पतालको उपचारात्मक सेवालाई प्रभावकारी बनाउने ।<br>• अस्पतालबाट प्रदान गरिने उपचारात्मक सेवालाई गुणस्तरीय बनाउने । | |
| शैक्षिक योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तिमा एम.वि.वि.एस. उत्तिर्ण गरी मेडिकल काउन्सीलमा दर्ता भई कम्तिमा एक वर्ष कार्य अनुभव भएको । | |

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| मेडिकल अधिकृत **(Medical Officer)** ले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |
| • दैनिक ओ.पी.डी. संचालन | • उपचारमा आएका विरामीले प्रभावकारी | • दैनिक ओ.पी.डी.मा आउने विरामी दर |

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | र गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेको | (संख्या) |
| • इमरजेन्सी सेवा संचालन | • इमरजेन्सी सेवामा आउने विरामीको सन्तुष्टी | • इमरजेन्सी सेवामा आउने विरामीको दर (संख्या) |
| • भर्नामा रहेका विरामीलाई उपचारात्मक Round service | • उपचारको लागि वेड भर्ना भएका विरामी फर्कदाको अवस्था | • विरामी भर्ना दर (संख्या) |
| • USG जाँच | • उपचारमा सहजता आएको | • USG जाँच गर्ने दर |
| • ECG जाँच | • उपचारमा आएको सहजता | • ECG जाँच गर्ने दर |
| • Plaster and procedure service | • उपचारमा आएको सहजता | • Plaster and procedure service मा आउने दर |
| • परामर्ष सेवा | • सेवाग्राहीको सन्तुष्टीको अवस्था | • परामर्ष बमोजिम सेवाग्राहीले कार्य गरे नगरेको |

**ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोतसाधनहरु**

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| • इ.सि.जी. , यु.एस.जी. र प्लाष्टर सेवा दिन सक्ने।<br>• उचित परामर्श सहित उपचारात्मक सेवामा अनुभव सहितको दक्षता प्राप्त | • इ.सि.जी. मेसिन<br>• इन्टरनेट<br>• यु.एस.जी. मेसिन<br>• प्लाष्टर लगायत procedure का लागि आवश्यक पर्ने सामग्री | • इन्टरनेट सहित सुविधायुक्त आवासीय व्यवस्था ।<br>• अत्यावश्यक तालिम लिने व्यवस्था<br>• अनुभव आदान प्रदान र सिकाईको अवसर<br>• उपयुक्त कार्य वातावरण |

**२. सेवा करार गरेवापत पाउने पारिश्रमिक र अन्य सुविधा**

तलब/स्केल : रु. १,००,०००।- (अक्षरेपी : एक लाख रुपैया मात्र)

नि.प्रमुख प्रशासकीय अधिकृत

..क तथा भ्रमण भत्ता खर्च : नगरपालिकाले तोके बमोजिम खटाए बमोजिम नियमानुसार भ्रमण भत्ता वा फिल्ड ..त्ता उपलब्ध हुनेछ ।

३. आचरण : सेवा सम्बन्धि प्रचलित कानुनमा व्यवस्था भएका कर्मचारीको आचरण सम्बन्धी कुराहरु पालना गर्नुपर्ने ।

बिदा : वर्षमा जम्मा १२ दिन विदा पाउनेछ । त्यस्ता बिदा लिंदा एक पटकमा बढिमा ३ दिनभन्दा बढि हुने छैन । तर विरामी परेको अवस्थामा भने चिकित्सकको प्रेस्किप्सनको आधारमा एकै पटक ७ दिन भन्दा बढि लिन बाधा पर्ने छैन ।

४. सेवा करारमा काम गर्ने व्यक्तिले कार्यालयको गोप्य कुरा कागजात कुनै अनधिकृत व्यक्ति वा प्रेसलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई सेवाबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपुर्ति दोस्रो पक्षले पहिलो पक्षलाई दिनुपर्ने । साथै दोस्रो पक्षको लापरवाहीबाट भएको हानी नोक्सानी पहिलो पक्षले दोस्रो पक्षबाट असुल उपर गर्नेछ ।

५. सम्झौता भंग गर्न चाहेमा कम्तिमा १ महिनाको समय दिई एक पक्षले जानकारी दिनुपर्नेछ ।

६. दोस्रो पक्षले पालना गर्नु पर्ने आचरण उलंघन गरेको पाइएमा कार्य सम्पादन सन्तोषजनक नभएको पाइएमा पहिलो पक्षले करार सेवा भंग गरी गरी सेवाबाट हटाउन सक्ने छ ।

७. यसमा उल्लेख भएका कुराहरु इसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित कानूनमा उल्लेख भए अनुसार हुनेछन् ।

| कार्यविवरण र सेवा शर्त अनुसारको काम गर्न मञ्जुर छु । | कार्यविवरण र सेवाशर्त स्वीकृत गर्ने |
|---|---|
| **पद :** मेडिकल अधिकृत<br>**(Medical Officer)** | **पद :** ............................................ |
| **नाम:** | **पदाधिकारीको नाम :** .................................... |
| **ठेगाना :** | **ठेगाना :** आठविसकोट नगरपालिकाको कार्यालय, रुकुम (पश्चिम) |
| **दस्ताखत :** | **दस्तखत :** |
| **मिति :** २०........./....................../.............गते | **मिति :** २०......../............./................ गते |

**साक्षी :**

१. मणिराज शाह (शाखा संयोजक- स्वास्थ्य तथा सामाजिक विकास शाखा)

ईति सम्वत २०...... साल ........ महिना.........गते रोज शुभम्

नि.प्रमुख प्रशासकीय अधिकृत